**Informal Sector Service Centre (INSEC)**
www.inseconline.org
For Human Rights and Social Justice

नेपाल महाभूकम्प २०७२ अपडेट : १०औं दिन
मिति : ०७२ वैशाख २१
अन्तिम अपडेट : २२०० बजे

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ७,३६६
घाइते : १४,३७१

# अन्तर्राष्ट्रिय खोज तथा उद्धार टोलीलाई फिर्ता जान अनुरोध



वैशाख २१ गतेसम्म महाभूकम्पमा मृत्यु हुनेहरूको सङ्ख्या नक्सामा । http://www.inseconline.org/earthquake/map/

नेपाल सरकारले अबको खोज तथा उद्धार कार्य राष्ट्रिय क्षमताबाट हुन सक्ने भन्दै अन्तर्राष्ट्रिय खोज तथा उद्धार टोलीहरूलाई फिर्ता जान अनुरोध गरेको छ । नेपाल सरकारको आह्वानमा भूकम्प प्रभावितहरूको खोजी तथा उद्धारका लागि उद्धारकर्मीहरू परिचालित भएको एक हप्ताको अवधि पूरा भएकोले त्यस्ता टोलीहरूलाई फिर्ता जान अनुरोध गर्ने निर्णय केन्द्रीय दैवी प्रकोप उद्धार समितिले गरेको हो । उद्धारकर्मीहरूको टोलीलाई फिर्ता पठाउने निर्णय गरे पनि अन्तर्राष्ट्रिय मेडिकल टोलीहरूलाई भने भूकम्पबाट घाइते भएकाहरूको उपचारका लागि परिचालित हुन दिनु पर्ने देखिन्छ । खासगरी धेरैजसो भूकम्प प्रभावित जिल्लाहरूमा स्वास्थ्य कार्यालयहरू पनि भत्केको हुँदा र ठूला मात्रामा भूकम्प प्रभावितहरूको उपचार गर्नुपर्ने हुँदा उनीहरूको आवश्यकता अझै रहेको छ । भूकम्प अघि दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू नहुँदा जनता सामान्य स्वास्थ्य सेवाबाट समेत वञ्चित भइरहेको अवस्थामा अन्तर्राष्ट्रिय मेडिकल टोलीहरूको उपस्थिति अत्यावश्यक देखिन्छ । अस्थायी शिविरको व्यवस्था नभएकोले भूकम्प प्रभावितहरू लामो समयसम्म खुला ठाउँमै बस्नुपर्ने देखिएकोले पनि उनीहरूमा स्वास्थ्यसम्बन्धी समस्या आउन सक्छ । साथै, यस्ता क्षेत्रहरूमा भूकम्पका कारण पुरिएर मरेका गाईवस्तुहरूको व्यवस्थापन नहुँदा पनि भूकम्प प्रभावितहरूको स्वास्थ्यसम्बन्धी सरकार थप गम्भीर हुनुपर्छ ।

**उल्लेख्य:**

- सरकारले आगामी वैशाख २४ गते बस्ने व्यवस्थापिका संसद्को बैठकमा भूकम्प पीडितका लागि राहत तथा पुनः स्थापना विषयको विशेष सङ्कल्प प्रस्ताव पेश गर्ने भएको छ ।
- इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम तथा मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमको नेतृत्वको एक टोलीले दोलखाको जिल्लामा भूकम्पबाट भएको जनधनको क्षति तथा राहत वितरण प्रकृयाबारे अनुगमन गरेको छ । जिल्लाका अधिकांश गाविसका जनताले सरकारी स्तरबाट पर्याप्त मात्रामा राहत नआएकोमा

आक्रोस व्यक्त गरेका छन् । सरकारी अधिकारीहरूले भूकम्पबाट पीडित सबैलाई जतिसक्दो चाँडो राहत पुऱ्याउने प्रतिबद्धता जनाएको छ ।

- ओखलढुङ्गामा ५ हजार २ सय थान पाल हाल वितरण भइरहे पनि पात्ले, भुसिङ्गालगायतका गाँउमा गाविस सचिव गाउँ नजाँदा पाल वितरण हुन सकेको छैन ।
- धादिङमा पहिलो चरणको राहत सबै प्रभावितको घरमा पुगेको जिल्ला दैवी प्रकोप उद्धार समितिले बताए पनि झार्लाङ, रि, सेर्तुङ, लापाल, रैले, किराञ्चोक, पिडा, गजुरी, महादेवस्थान, जोगिमारा, धुषा लगायत दुर्गम गाविसमा राहत नपुगेको स्थानीयले बताएका छन् ।
- ललितपुरको गोदावरी नगरपालिका, चापागाउँ, झरूवारासी, ठेचो गाविस र कार्यविनायक नगरपालिकामा पीर्डितहरूले राहत सामग्री नपाएको गुनासो गरेका छन् ।
- खोटाङमा भूकम्पबाट १ हजार ५ सय ८० घरपरिवार विस्थापित भएकोमा ४ सय घरपरिवारलाई मात्र पुग्ने राहत सामग्री आएपछि पीडितलाई वितरण गरिने राहत सामग्री अभाव भएको छ । राहत सामग्री अपुग भएपछि राहत वितरण टोलीले नगद मात्र वितरण गर्दै आएका छन् ।
- काठमाडौंको तारकेश्वर नगरपालिका अर्न्तगतको धर्मस्थली क्षेत्रमा भूकम्पीडितहरू स्कुलको चौर र बारीको पाटोमा पाल टाँगी बसेका छन् । हालसम्म सरकारी स्तरबाट कुनै पनि राहतका कार्यक्रम त्यहाँ नपुगेको स्थानीयहरूले दुखेसो पोखे । बासस्थानको राम्रो व्यवस्था नहुँदा गर्भवती र सुत्केरी महिलाहरूका लागि अफ्ठ्यारो भएको छ । घरभित्र पुरिएर सयौं गाईवस्तुहरू मरेका कारण उक्त क्षेत्रमा दुर्गन्ध फैलिएको छ ।
- भूकम्पले तनहुँ जिल्लाका ९६ वटा विद्यालयमा क्षति पुऱ्याएको जिल्ला शिक्षा कार्यालय तनहुँले जनाएको छ ।
- भूकम्पले पुऱ्याएको क्षतिका हिसाबले खोटाङलाई 'कम प्रभावित' क्षेत्रका रूपमा राखिएका प्रति खोटाङ जिल्लावासीले असन्तुष्टि व्यक्त गरेका छन् । भूकम्पले मानवीय क्षति नभएपनि जिल्लामा करोडौंको भौतिक क्षति भएको भन्दै कम प्रभावितमा राखेर राज्यले आफूहरूलाई अन्याय गरेको उनीहरूले बताए ।
- रूपन्देहीका मानवअधिकारकर्मीहरूले सामूहिक अपिल जारी गरी पीडितको सहयोगमा जुट्न आग्रह गर्दै राहतको दुरूपयोग हुन नदिन प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराए ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline